सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

# शुभम सन्देश

Shubham Sandesh

National DAILY दैनिक

वर्ष : ४ ✵ अंक : ३३४ ✵ २०७९ साल, भाद्र १८ गते शनिबार, ✵ Saturday 03 Sept, 2022 मूल्य रु. ५/- ✵ पृष्ठ : ४

## बाराको पथलैयामा ट्रमा सेन्टर सञ्चालन गर्न सरकारसँग माग




बारा १७ भदौ ।

बाराको पथलैयामा ट्रमा सेन्टर सञ्चालन गर्न सरकारसँग माग गरेको छ । जीतपुरसिमरा सार्वजनिक सरोकार समितिले बाराको पथलैयामा रहेको स्वास्थ्य तालिम केन्द्रमा तत्काल ट्रमा सेन्टर सञ्चालन गर्न मधेस प्रदेश सरकारसँग माग गरेको हो ।

सरोकार समितिका संयोजक मनोज पौडेलले एक विज्ञप्ति निकालेर पथलैयास्थित मधेस प्रदेश स्वास्थ्य तालिम केन्द्रको भवनमा ट्रमा सेन्टर संचालन गर्न सरकारसंग आग्रह गर्नुभएको हो। संयोजक पौडेलले विगत तीन वर्षदेखि पथलैयामा ट्रमा सेन्टरका लागि बजेट बिनियोजन हुदै आएको भए पनि प्रदेश सरकारले सेवा सञ्चालन नगरेर बारा, पर्सा, रौतहट र राजमार्गमा यात्राका क्रममा दुर्घटनाबाट घाइते भएका यात्रुको उपचार पाउने आधिकारको हनन गरेको बताउनु भएकोछ ।

सरोकार समितिका संयोजक पौडेलले चालू आर्थिक वर्षमा ट्रमा सेन्टर (अस्पताल) सञ्चालनका लागि बजेट नैं बिनियोजन नगर्नु थप दुखःको कुरा भएको बताउदै तत्काल आवश्यक प्रक्रिया पूरा गरि ट्रमा सेन्टर सञ्चालनमा ल्याउन सरोकार समितिको तर्फबाट जोडदार माग गर्दछु भन्नुभएको छ । विज्ञप्तिमा उहाँले ट्रमा सेन्टर संचालन नगरिए आन्दोलनमा उत्रन बाध्य हुने पनि जनाउनुभएको छ ।

पूर्वपश्चिम लोकमार्ग र त्रिभुवन राजपथमा सवारी दुर्घटनामा हुने घाइतेको तत्काल उपचार गर्न र घाइतेको ज्यान बचाउन लागि पथलैयामा रहेको स्वास्थ्य तालिम केन्द्रमा ट्रमा सेन्टर स्थापना गर्ने भनेर केन्द्रीय सरकार र विगत दुई वर्षदेखि मधेस प्रदेश सरकारले पनि बजेट विनियोजन गर्दै आएको थियो ।

त्रिभुवन राजपथ र महेन्द्र राजमार्गको संगमस्थलको रुपमा रहेको पथलैयाको सो तालिम केन्द्रको गत वर्ष प्रदेशका मुख्यमन्त्री लालबाबु राउत गद्दीले निरीक्षण गर्दै तत्काल ट्रमा सेन्टर सञ्चालनमा ल्याउने स्थानीयसँग प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । मुख्यमन्त्री गद्दीको आश्वासनपछि खुसी बनेका स्थानीय बासिन्दा ट्रमा सेन्टरको काम सुरु नहुदा अहिले निराश बन्दै गएका छन । यस वर्ष भने प्रदेश

(बाँकी तेश्रो पेजमा)

## श्रीमतीको हत्या आरोपमा श्रीमान र भाउजु पक्राउ




बारा १७ भदौ ।

श्रीमतीको हत्या अभियोमा बारामा श्रीमान पक्राउ परेका छन् । बाराको महागढीमाई नगरपालिका ३ गञ्जभवानीपुरका २७ वर्षीय सैमोदिन अंसारी २५ वर्षीय श्रीमती सहनाज खातुनको हत्या आरोपमा पक्राउ परेका हुन् । खातुनको हत्या आरोपमा अंसारीसँगै उनको भाउजु २५ वर्षीय अप्सना खातुनलाई पनि पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रमुख प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले जानकारी दिए ।

(बाँकी तेश्रो पेजमा)

## राष्ट्रिय भूमि आयोगद्वारा पर्सामा नापनक्साको काम सुरु

पर्सा, १७ भदौ । रासस

राष्ट्रिय भूमि आयोगले पर्साका १४ वटै पालिकामा आफ्नो काम अघि बढाएको छ । यसअघिका आयोगले छाडेको अधुरो काम अघि बढाउन सबै पालिकामा लगत सङकलनको काम जारी रहेको भूमि आयोग पर्साका अध्यक्ष तवरेज अहमदले जानकारी दिए। पर्सामा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी पुर्जा वितरण गर्न विभिन्न तीन चरणमा १४ वटै पालिका र राष्ट्रिय भूमि आयोगसँग यसअघि सम्झौता गरिसकिएको थियो । सोहीअनुसार पर्साको ठोरी गाउँपालिकामा लगत सक्तलनको काम पुरा भइसकेको र बाँकी १३ वटै पालिकामा लगत सक्तलनको काम जारी रहेको भूमि आयोगका सदस्य सचिव एवं प्रमुख नापी अधिकृत नारायणकुमार श्रेष्ठले जानकारी दिए । त्यसअनुसार अन्य सबै पालिकामा भूमिहिन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीले लगत फाराम भर्ने गरेका छन् । सरकारले दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीमध्ये दलित समुदायलाई निःशुल्क र भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई मालपोत निर्धारण मुल्यको आठदेखि दुई सय प्रतिशत राजश्वबापतको रकम लिएर जग्गा धनी पुर्जा उपलब्ध गराउने योजना अघि बढाइएको श्रेष्ठले जानकारी दिए ।

* सार्वजनिक सम्पत्ति अतिक्रमण नगरौं ।
* कर तिर्नु सबै नागरिकको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।
* बेटी पढाऔं बेटी बचाऔं ।
* हाम्रो गाउँपालिका हामी सबै मिलेर सबल, सक्षम र सशक्त बनाऔं ।
* सधैं चर्पीको प्रयोग गरौं र खुल्ला रुपमा सौच नगरौं ।
* आफ्ना गाउँघर सफा र स्वच्छ राखौं ।
* सेवा सुविधा प्राप्तिका लागि समयमै सम्पूर्ण तिर्नु पर्ने कर अनिवार्य चुक्ता गरौं ।

फेटा गाउँपालिका
फेटा (बारा)

## उदयपुरमा एकै परिवारका तीन जनाको हत्या

उदयपुर, १७ भदौ ।

उदयपुरमा एकैपरिवारका तीन जनाको हत्या भएको छ । बेलका नगरपालिका–७, उदयपुरका राजकुमार बस्नेतसहित उनकी श्रीमती र छोराको हत्या भएको जिल्ला प्रहरी कार्यालय, उदयपुरले जनाएको छ । उदयपुरका प्रमुख जिल्ला अधिकारी वीरेन्द्रकुमार यादवले अनलाइनखबरलाई बताएअनुसार हत्यामा संलग्न भएको आशंकामा एकजना पक्राउ परिसकेका छन् । पक्राउ पर्नेमा नरबहादुर बस्नेत छन् । उनी नाताभित्रै पर्ने व्यक्ति हुन् ।

बेलकाका मेयर अशोक

(बाँकी तेश्रो पेजमा)

## डेढ करोडको सामान सहित २ वटा ट्रक पर्सा प्रहरीको नियन्त्रणमा

बीरगंज, १७ भदौ ।

डेढ करोडभन्दा बढी मूल्यको चकलेट, सर्टिङ सुर्टिङ, लत्ता कपडा तथा खुद्रा सामान बोकेको २ वटा ट्रक प्रहरीले वीरगञ्जबाट नियन्त्रणमा लिएको छ । वडा प्रहरी कार्यालय बिर्ताबाट खटेको टोलीले बिहीबार दिउँसो वीरगञ्ज महानगरपालिका वडा नं. ६ लोहारपट्टी सडकखण्डबाट ना ५ ख ६९५९ नम्बरको मालवाहक ट्रकबाट विभिन्न किसिमका सर्टिङ सुर्टिङ तथा लत्ता कपडा फेला परेपछि नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिइएको ट्रकसहित सामानको मूल्य १ करोड २ लाख ४६ हजार ६९ रुपैयाँ मूल्यांकन गरीएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक दिपक गिरीले जानकारी दिए ।



यस्तै प्रहरीले वीरगञ्जकै परवानीपुरबाट बुधबार राती विभिन्न किसिमका चकलेटसहितको ट्रक नियन्त्रणमा लिएको छ। सवारी जाँचका क्रममा बिपी १३ बिए ०२४७ नम्बरको भारतीय ट्रकमा लोड गरिएको चकलेट बरामद गरेको प्रहरीले जनाएको छ । बरामद चकलेट सहित ट्रकको ५० लाख मूल्याकंन गरिएको प्रहरीले जनाएको छ । बिल बिजक तथा भन्सार प्रज्ञापन पत्रमा उल्लेखित परिणामभन्दा फरक देखिएकाले नियन्त्रणमा लिएको प्रहरीले जनाएको हो । बरामद सामान सहितको दुवै ट्रक थप कारवाहीका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता गिरीले बताए। (साभार–यात्राडेली)

## कक्षा १२ को नतिजा सार्वजनिक, १ लाख ८८ हजार विद्यार्थी नन ग्रेडिङमा

काठमाण्डौ, १७ भदौ ।

राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यलय (कक्षा १२)ले कक्षा १२ को नतिजा सार्वजनिक गरेको छ । गत जेठ १६ गतेदेखि २५ गतेसम्म सञ्चालन गरेको परीक्षाको नतिजा बोर्डले शुक्रबार प्रकाशित गरेको बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिए । बोर्डका अध्यक्ष शर्माका अनुसार यसवर्ष ग्रेडिङ पद्धति २०७८ अनुसार नतिजा प्रकाशन गरिएको छ । जसअन्तर्गत यसवर्ष नियमिततर्फ ३.६१ देखि ४ जीपीए ४ हजार १७९ जनाले ल्याएका छन् ।

त्यस्तैगरी ३.२१ देखि ३.६० जीपीए ल्याउने ३० हजार १०७ जना, २.८१ देखि ३.२० आउने ६५ हजार २८४ जना, २.४० देखि २.८० आउने ६४ हजार ९३ जना, २.१ देखि २.४० जीपीए आउने १० हजार ९ सय र




१.६१ देखि २ जीपए आउने ३५ जना छन् । यस्तै १ लाख ८८ हजार ४१० जना नन ग्रेडिङमा परेका छन्। बोर्डका अनुसार प्रत्र्येक विषयमा सैद्धान्तिकतर्फ कम्तिमा ३५ प्रतिशत अंक नल्याए ग्रेड सिटमा एनजी अर्थात नन ग्रेडिङ लेख्ने उल्लेख छ । नन ग्रेडिङमा परेका विद्यार्थीहरुले उच्रुच शिक्षामा भर्ना हुन नपाउने बोर्डले जनाएको छ ।

ग्रेड वृद्धि दिन पाउने (दुई विषयसम्म दिन पाउने) एक लाख ३० हजार ८७८ जनाले दिन पाउने छन् । बोर्डको अनुसार ग्रेडवृद्धि परीक्षा असोज

(बाँकी तेश्रो पेजमा)

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
शुभम सन्देश
Shubham Sandesh
ल्बतष्यलर्बा DAILY दैनिक



| | | |
|---|---|---|
| प्रकाशक | : | रामबाबु प्रसाद मेहता |
| प्रधान सम्पादक | : | अजय कुमार |
| सम्पादक | : | सरोज कुमार सिंह |
| समाचार सम्पादक | : | तिवारी यादव |
| प्रबन्धक | : | मुकेश कुमार महतो |
| कानुनी सल्लाहकार | : | परमहंस केशरी |
| अधिवक्ता | : | राजेन्द्र कुशवाहा |
| मुद्रक | : | बारा प्रिन्टीङ्ग प्रेस, कलैया उमनपा-४, बारा |
| ईमेल | : | subhamsandeshdaily@gmail.com |
| सम्पर्क नम्बर | : | ९८४५२१७३२९, ९८५५०४५५५२, ०५३५५१४९७ |
| प्रधान कार्यालय | : | सिम्रौनगढ नपा ६, बारा |
| सम्पर्क कार्यालय | : | कलैया उमनपा १ (मोतिवाग), बारा |

# “स्वार्थ समूह बनाउने भए किन चाहियो माओवादी पार्टी ?”

*नराम्रो पार्टी, जनतालाई ठग्ने, व्यक्तिगत स्वार्थ मात्रै पूर्ति गर्न खोज्ने, गुटबन्दीमा मात्रैमा रमाउने, पार्टी होइन गुट बनाउने, स्वार्थ समूह बनाउने, गिरोह बनाउनेतिर नै लाग्ने हो हामी पनि भने किन चाहियो यो माओवादी पार्टी ? किन चाहियो ? मार्क्सले भन्नुहुन्थ्यो– यो अवसरवादीहरूको खेलौना हुने पार्टी चल्नुभन्दा यसलाई फालिदिएपछि बरु जनतालाई अलि सुख हुन्छ ।*

**प्रचण्ड प्रचण्ड ——**

स्थानीय तहमा झण्डै ५० भन्दा बढी (पालिकामा) हामीले जितेका पनि हार्‍यौं । हामीले के कारणले हार्‍यौं ? अन्य तमाम कारणका अतिरिक्त मुख्य कारण हाम्रो पार्टी भित्रकै पार्टीभित्र विकास भएको गैरसर्वहारावादी, गैरक्रान्तिकारी, व्यक्तिवादी, गुटवादी, स्वार्थवादी, आन्तरिक अन्तरविरोधको व्यवस्थापन गर्न नसक्दा । अहिले हाम्रो माओवादी केन्द्रमा विचार समूह त एउटै मात्रै छ । हामीले राष्ट्रिय महाधिवेशनबाट ८ दिन छलफल गरेर सर्वसम्मत रूपले दस्तावेज पारित गरेका छौं । हाम्रो पार्टीमा कुनै विचार समूह छैन । एउटै मात्रै विचार समूह छ, माओवादी केन्द्रको राष्ट्रिय महाधिवेशनबाट पारित दस्तावेज नै हाम्रो विचार हो । र, त्यो हाम्रो सर्वसम्मत विचार हो ।

पार्टीभित्र विचार समूह त एउटै छ, महाधिवेशनले, केन्द्रीय समितिले एउटै नेतृत्वलाई सर्वसम्मतरूपले चयन पनि गरेको छ । प्रचण्डको नेतृत्वमा कहिँकतै विमति छैन भनिएको छ । औपचारिक रूपमा छैन पनि । विचार पनि एउटै छ, नेतृत्व पनि एउटै छ । तर हामीसँग गुटहरू चाहिँ थुप्रै छ । अझ यसलाई गुट पनि भन्नु पनि ठूलो शब्द जस्तो लाग्छ । गुट होइन, स्वार्थ समूह । स्वार्थको निम्ति भएको गठजोड गर्ने र त्यो स्वार्थपूर्ति गर्नका लागि बढीभन्दा मान्छेलाई आफ्नो स्वार्थ समूहमा आवद्ध गर्न खोज्ने । आफ्नो पद, प्रतिष्ठा, आर्थिक लाभ र स्वार्थको निम्ति भन्ने समूह धेरै भएका छन् ।

म तपाईंहरूलाई विशेषरूपले अपिल गर्न चाहन्छु । म तपाईंहरूको यहाँ (कर्णालीमा) पनि गुटैगुट देख्छु । मलाई के भन्नुपर्ने भएको छ भने त्यो गुट तपाईं कार्यकर्ता तहमा छैन । त्यो गुट नेताहरूमा छ । तपाईंहरूले गहिरोगरी नेताहरूको बोली, प्रस्तुति, गतिविधि, हाउभाउ र बडी ल्वाङ्ग्वेज हेर्नुभयो भने बुझिहाल्नुहुन्छ कतिवटा गुट रहेछन् ! यही कारणले हामी निर्वाचनमा हार्‍यौं । स्वार्थ समूह बनाउनतिर लागेपछि हार्नै नहुने ठाउँमा नि हारिएको छ ।

भन्दाखेरि सबैले प्रचण्ड नै हाम्रो नेता हो भन्ने तर व्यवहार गर्दा अब मै हो प्रचण्ड भन्दा ठूलो भन्ने गरिएको छ । भित्रभित्रै प्रचण्डले यो पनि गल्ती गर्‍यो त्यो पनि गल्ती गर्‍यो भन्ने, बाहिर फेरि प्रचण्ड नै हाम्रो नेता हो भनेपछि इमान्दारिता भयो त ? त्यसले तपाईंहरूको दिमाग पनि पक्कै खराब भएको होला । दिमाग खराब हुनेगरी नेताहरूले भन्छन् होला । कोहीले यता तान्ने, कोहीले उता तान्ने । फेरि भन्ने सबैले माओवादी केन्द्र नै ।

यो स्थितिका कारण हामीले निर्वाचनमा धेरै हारियो । अझ धेरै त पहाडमा भन्दा हामीले मधेस र तराईमा हारियो । पहाडमा पनि यही कारणले हारियो । माओवादी कमजोर हुनुको कारण गुटबन्दी नै हो । यही स्वार्थ समूह नै हो । तपाईं कर्णालीका कार्यकर्तालाई गुट रोक्नका लागि पहल गर्न सक्नुहुन्छ ? स्वार्थ समूहका स्वार्थ पूर्ति हुन नदिनको निम्ति तपाईंहरूले झण्डा उठाउन सक्नुहुन्छ ?

मैले सुरुमा तपाईंहरूलाई धन्यवाद दिनुको कारण छ । नेताहरूले भन्दा तपाईंहरूले बोलाएर म यहाँ आएको हुँ । यसको अर्थ, संवेदनशीलता र गहिराईलाई विचार गर्नुहोला । यो स्थिति छ । यसले के देखाउँछ भने हाम्रो पार्टी बिग्रेको त छ । वैचारिक विचलन आएको छ । भन्ने एउटा, गर्ने चाहिँ अर्को । जे भनिन्छ त्यो गरिँदैन, जे गरिन्छ त्यो भनिँदैन जस्तो भएको छ । यो त मार्क्सवाद र विज्ञान विरोधी गुटगत चरित्र हो । हामी त्यो छिरेको छ । कुनै न कुनै रूपले त्यसले घर गरेको छ ।

बिस्तारै बिस्तारै हामी कमबेसी सबै विचलनको शिकार हुने खतरा छ । अहिले हाम्रो चुनौती यही गुटबन्दी, स्वार्थ समूह, व्यक्तिवाद र अराजकतालाई रोक्ने हो । कर्णालीमा यो प्रवृत्ति कम भए पनि अरु ठाउँमा त नेताहरूबीच मुख बोलचाल पनि छैन । कार्यकर्ता समेत विभाजित छन् । अनि साथीहरू आफ्नो पक्ष र गुटमा नलागेको उम्मेदवार छ भने त्यसलाई हराउनुमा बहादुरी ठान्ने भएका छन् । ‘मेरो गुटमा



नलाग्ने तँ ? तँलाई हराएर देखाउँछु’ भन्ने एउटाले । अर्कोले पनि त्यही भन्ने । यसरी हामीले सजिलै जित्ने दर्जनौं पालिका गुमाएको छ्याङ्ङै देख्यौं हामीले । गर्ने के ?

कहिलेकाँही त म हैरानपरेसान भएको तपाईंले देख्नुभएकै छ । यस्तो स्वार्थ समूह भएको पार्टी चलाउनुभन्दा त बरु मार्क्सले जस्तो गर्ने हो कि भने जस्तो लाग्छ मलाई कहिलेकाँही । कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सले आफैंले बनाएको कम्युनिष्ट इन्टरनेशनल भन्ने संगठन अवसरवादीको घेरामा पर्‍यो । छन त मार्क्स र एंगेल्स नै हुनुहुन्थ्यो । तर अवसरवादीको हातमा गएको देखेपछि त्यो इन्टरनेशनल विघटन गर्ने प्रस्ताव लगेर विघटन नै गर्नुभयो । नराम्रो पार्टी, जनतालाई ठग्ने, व्यक्तिगत स्वार्थ मात्रै पूर्ति गर्न खोज्ने, गुटबन्दीमा मात्रैमा रमाउने, पार्टी होइन गुट बनाउने, स्वार्थ समूह बनाउने, गिरोह बनाउनेतिर नै लाग्ने हो हामी पनि भने किन चाहियो यो माओवादी पार्टी ? किन चाहियो ?

मार्क्सले भन्नुहुन्थ्यो– यो अवसरवादीहरूको खेलौना हुने पार्टी चल्नुभन्दा यसलाई फालिदिएपछि बरु जनतालाई अलि सुख हुन्छ । जनतालाई अलिकति भए पनि धेरै ठग्न पाउँदैनन् । संस्थागत ठगी, संस्थागत रूपले ठग्ने भन्दा त ‘ । त्यस्तो मार्क्सले किन भन्नुभयो होला ? हामी सबैले निधार खुम्च्याएर सोच्नुपर्ने बेला छ । तर मैले यसो भन्नुको अर्थ अहिले नै विघटन गरौं भन्न खोजेको होइन । पार्टी बदल्ने कि नबदल्ने भन्न खोजेको ।

मलाई त अब सबैतिरबाट अलिकति रेस्ट लिन मन त लाग्छ । उमेर पनि ढल्केको छ । अरु परिस्थिति पनि यस्तै छन् तर जब यो पार्टीलाई क्रान्तिकारी पार्टी बनाउने आवश्यकता, हाम्रा ती हजारौं सहिदहरूको बलिदान, हजारौं बेपत्ता योद्धा, हजारौं घाइते अपाङ्ग, ती सहिद र बेपत्ता योद्धाका परिवार, त्यो सबैको जिम्मेवारी सम्झिँदा फेरि आफूलाई बुढो भएजस्तो पनि लाग्दैन । म फेरि अहिले पनि २५–३० वर्षको तपाईंहरू नै म देशभरि घुमिराखेको छु । तपाईंहरूले देख्नु भएकै छ– संविधान बचाउने, पार्टीहरूलाई मिलाउने, देश बचाउने, प्रतिक्रियावादी षड्यन्त्रबाट बच्नुपर्ने र समाजवादको यात्रा पनि सुरु गर्नुपर्नेछ । त्यसैले गुट अन्त्यको अभियान कर्णालीबाटै सुरु होस् । कसैसँग नडराउनुहोस् । डराउनुपर्ने केही आवश्यकता छैन । गुट र स्वार्थ समूह बनाएर चल्ने प्रवृत्ति, मैले कुनै व्यक्तिलाई भनेको होइन यो प्रवृत्ति क्रान्तिकारी पार्टीको लागि सबैभन्दा घातक प्रवृत्ति हो । यस्तो प्रवृत्तिलाई मौलन नदिने भूमिका तपाईंहरूले खेल्नुहोस् । (शुक्रबार सुर्खेतमा आयोजित नेकपा माओवादी केन्द्रको कर्णाली प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रममा अध्यक्ष दाहालले व्यक्त गरेको विचारको सम्पादित अंश) (साभार–अनलाइनखबर)

# पत्रकारलाई १० लाख रुपैयाँसम्म जरिवाना हुन सक्ने

काठमाण्डौ, १७ भदौ ।

राष्ट्रिय सभाबाट पारित भएर आएको ‘नेपाल मिडिया काउन्सिल सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक’ प्रतिनिधिसभामा अगाडि बढेको छ । पूर्ववर्ती सरकारले समाचार लेखेकै आधारमा पत्रकारलाई १० लाख रुपैयाँसम्म जरिवाना हुन सक्ने लगायतका प्रावधान समेटेर २७ वैशाख २०७६ मा राष्ट्रिय सभामा यो विधेयक दर्ता गरेको थियो । राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले विधेयकमाथिको दफावार छलफलका क्रममा ‘पत्रकारिता गर्नका लागि छुट्टै परीक्षा पास गरेर लाइसेन्स लिनुपर्ने’ प्रावधान थपेर पारित गरेको थियो ।

तर, यी दुबै प्रावधान हटाएर राष्ट्रिय सभाले २७ साउन २०७८ मा पारित गरेर पठाएको विधेयक एक वर्षपछि प्रतिनिधिसभामा अघि बढेको हो । शुक्रबार प्रतिनिधिसभाले विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत गरेको छ । सभामुख अग्निप्रसाद सापकोटाका अनुसार अब ७२ घण्टाभित्र सांसदहरुले विधेयकमाथि संशोधन प्रस्ताव राख्न सक्छन् । विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावमाथिको छलफलमा भाग लिँदै सांसदहरुले पत्रकारितालाई मर्यादित र व्यवस्थित बनाउनुपर्ने बताएका थिए । जवाफमा सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले भने ‘मिडियालाई स्वच्छ, स्वतन्त्र र मर्यादित बनाउन र पेशागत आचरण कायम गर्नका लागि विधेयकको आवश्यकता महसुस गरिएको हो ।’ उनले विधेयक पारित भएर ऐनका रुपमा लागू भएपछि पत्रकारिता पेशा थप व्यवस्थित बन्ने विश्वास व्यक्त गरे ।

**मिडिया काउन्सिल स्वायत्त**

सुरुमा आएको विधेयकमा ‘स्वस्थ र मर्यादित पत्रकारिताको विकासका लागि स्वतन्त्र नियमनकारी भूमिका निर्वाह गर्न नेपाल मिडिया काउन्सिल रहने’ उल्लेख थियो । अहिले पनि प्रेस काउन्सिल छ । यसको नाम बदलेर मिडिया काउन्सिल बनाउने प्रस्तावित व्यवस्थालाई निरन्तरता दिँदै राष्ट्रिय सभाले मिडिया काउन्सिललाई नियमनकारी निकायका रुपमा नभइ स्वायत्त निकायको रुपमा रहने बनाएको छ ।

‘स्वतन्त्र र नियमनकारी’ भन्ने शब्दहरुको सट्टा ‘स्वतन्त्र र स्वायत्त नियमनकारी निकायको रुपमा’ भन्ने शब्दहरु थप गर्ने’ राष्ट्रिय सभाले पारित गरेर प्रतिनिधिसभामा पठाएको विधेयकमा उल्लेख छ । प्रेस काउन्सिललाई मिडिया काउन्सिल बनाउँदै गर्दा मिडिया काउन्सिलले आवश्यकता अनुसार प्रदेशमा शाखा कार्यालय खोल्न सक्ने अधिकार प्रत्याभुत गरिएको छ । विधेयक अनुसार मिडिया काउन्सिल अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्थाको रुपमा रहनेछ । काउन्सिलको आफ्नो छुट्टै छाप हुनेछ । काउन्सिलले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न पाउनेछ । काउन्सिलले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र काउन्सिल उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

आचार संहिता विपरीत कुनै सञ्चार माध्यमबाट प्रकाशित वा प्रसारण भएको कुनै समाचार वा सूचनाबाट कुनै व्यक्तिको मर्यादा वा प्रतिष्ठामा गम्भीर असर पुर्‍याएको वा सम्पत्ति वा व्यवसायमा हानि नोक्सानी भएको ठहर भएको खण्डमा अदालत जान सक्ने बाटो खुला गरिएको छ ।

**विधागत आचारसंहिताको अवधारणा**

राष्ट्रिय सभाले पारित गरेर पठाएको विधेयकले विधागत आचारसंहिताको अवधारणा अगाडि सारेको छ । जस अनुसार अनलाइन पत्रकारिताको लागि छुट्टै आचारसंहिताको परिकल्पना गरिएको छ । ‘काउन्सिलले पत्रकारिताको पेशागत मर्यादा कायम राख्न अनलाइन पत्रकारिता, छापा पत्रकारिता, प्रसारण पत्रकारिता र साहित्यिक पत्रकारिताको लागि छुट्टाछुट्टै वा एकीकृत संहिता बनाइ लागू गर्नेछ’, विधेयकमा उल्लेख छ । काउन्सिलले जारी गरेको आचार संहिताको पालना गर्नु प्रत्येक आमसञ्चार माध्यम, प्रकाशक, सम्पादक, पत्रकार तथा संवाददाताको कर्तव्य हुनेछ । ऐन बमोजिमको आचार संहिताको पालना गरे/नगरेको सम्बन्धमा काउन्सिलले अनुगमन गर्नेछ । काउन्सिलले आचार संहिताको पालनाको लागि निर्देशन पनि दिन सक्नेछ । प्राप्त निर्देशनको पालना गर्नु सम्बन्धित आमसञ्चार माध्यम, प्रकाशक, सम्पादक, पत्रकार तथा संवाददाताको कर्तव्य हुने पनि ऐनमै उल्लेख छ । आचारसंहिता उल्लंघन गरेको सूचना वा जानकारी प्राप्त भएमा अध्ययन गरी ऐन बमोजिम कारबाही गर्न सक्ने अधिकार काउन्सिललाई छ । साथसाथै, प्रस्तावित विधेयक अनुसार मिडिया काउन्सिलले जारी गरेको आचार संहिताको अधिनमा रही प्रत्येक आम सञ्चार माध्यमले आ–आफ्नो लागि आचार संहिता बनाइ लागू गर्नुपर्ने हुन्छ ।

**आचारसंहिता पालनामा कडाइ**

राष्ट्रियसभाबाट पारित भएर प्रतिनिधिसभामा आएको विधेयकको दफा १६ मा ‘आचार संहिताको पालना, अनुगमन तथा कारबाही’ व्यवस्था छ । जहाँ आमसञ्चार माध्यम, प्रकाशक, सम्पादक, पत्रकार वा सम्वाददाताले काउन्सिलले जारी गरेको आचार संहिता उल्लंघन गरेको विषयमा सरोकारवाला कुनै पनि व्यक्तिले काउन्सिलमा उजुरी दिन सक्ने उल्लेख छ । उजुरी लिखित रूपमा वा विद्युतीय

(बाँकी तेश्रो पेजमा)

# विद्यार्थी शून्य भएपछि विद्यालय बाख्राको खोरमा परिणत

सिरहा, १७ भदौ ।

सिरहा नगरपालिका–९ रामनगर गुलरियास्थितको आधारभूत विद्यालयमा वर्षौंदेखि पठनपाठन नहुँदा विद्यालय अहिले बाख्रा बाध्ने गोठमा परिणत भएको पाइएको छ । आधारभूत विद्यालयका प्रधानाध्यापक लगायतका शिक्षकहरूको लापरबाहीका कारण पठनपाठन नहुँदा विद्यालय अहिले बाख्रा र गाई बस्तु बाँध्ने गोठमा परिणत भएको हो । आधारभूत विद्यालयका शिक्षकहरूले वर्षैंदेखि कामै नगरी तलब बुझ्ने गरेका छन् । एक जना विद्यार्थीसमेत भर्ना नभएका यस विद्यालयका पाँचजना शिक्षकले करिब ३ वर्षदेखि नियमित तलब भत्ता खाँदै आइरहेका छन् । पाँच कक्षासम्म पढाइ हुने यस आधारभूत विद्यालयमा करिब तीन वर्षदेखि एकजना विद्यार्थीसमेत भर्ना नभए पनि शिकक्षहरूले भने शिक्षा शाखाको मिलेमतोमा घरमै बसेर तलब भत्ता बुझिरहेको स्थानीयको आरोप छ । विद्यालय पछिल्लो समय खसी–बाख्रा राख्ने खोरमा परिणत भएको छ । वरिपरि कम्पाउन्ड बनाएर घेरिएको विद्यालयभित्र स्थानीयका बाख्रा बाँध्ने गरिएको छ भने विद्यालय परिसर बाख्रा



चराउने ठाउँ बनेको छ । विद्यार्थी पढ्ने विद्यालय बाख्रा पाल्ने गोठमा परिणत भएको स्थानीय दिपीन चमारले बताए । उनका अनुसार विद्यालयमा पढाई नै नभएपछि स्थानीयहरूले बाख्रा, भैंसी, गोरुहरू विद्यालय परिसरमै बाँधेर राख्ने गरिएको छ । विद्यालयमा तीन वर्षदेखि बाख्रा राख्ने गरिएको रामजतन यादव बताउँछन् । विद्यालयमा लामो समयदेखि बाख्रा चराउने र राख्ने ठाउँ बनाइँदा विद्यालयको शोभा पनि गुमेको यादवको गुनासो छ ।

विद्यालयका प्रधानाध्यापक श्यामकुमार यालवले अभिभावकहरूले नै विद्यार्थी पठाएपछि विद्यालय खाली भएको बताए । ‘गाउँको बीचमा विद्यालय भए पनि कसैले विद्यार्थी पठाउँदैनन्, दुई वर्ष कोरोना भाइरसले र यो वर्ष चुनावका कारण विद्यार्थी भर्ना हुन सकेनन्,’ उनले भने । उनले पहिला राम्रै विद्यार्थी रहे पनि कोरोनापछि विद्यार्थी आउनै छाडेको बताए । उनले थपे, ‘अब फेरि चुनाव आउँदैछ, विद्यार्थी भर्ना गर्न सकिँदैन, अब आउने शैक्षिकसत्रबाट मात्र पठनपाठन सुचारु हुन्छ ।’ प्रअ यादवले विद्यार्थी माग्न आफू घरघरै गएको दाबी गरे पनि कसैले विद्यार्थी नदिएको बताए । ‘करिब १० वर्ष अघि यो स्कुलमा धेरै नै राम्रो पढाइ हुन्थ्यो, सय भन्दा बढी विद्यार्थीहरू अध्ययरत थिए । तर, पछिल्लो समय दिनानुदिन स्कुलको अवस्था खस्किँदै गयौँ,’ स्थानीय राम एकवाल यादवले भने, ‘हामीले विद्यालयलाई बाख्राको खोर बनाउन हुँदैन भनेर विद्यालय प्रशासनलाई पटक पटक आग्रह गरिसक्यौं । तर, हाम्रा कुराको सुनुवाइ नै हुँदैन ।’ त्यहाँ कार्यरत शिक्षकसमेत कहिलेकाहीँ विद्यालय आएर हाजिरी गरेर फर्किहाल्ने गरेका छन् ।

तलब, छात्रवृत्ति, पाठ्यपुस्तकको रकम नियमित निकासा

विद्यार्थी भर्ना नभए पनि शिक्षकको तलब, छात्रवृत्ति, पाठ्यपुस्तकको रकम नियमित निकासा भएको पाइएको छ । चालु शैक्षिकशत्रमा एक जना विद्यार्थी भर्ना नभए पनि शिक्षकको तलब, छात्रवृत्ति, पाठ्यपुस्तकको रकम नियमित रुपमा निकासा भएको बुझिएको छ । २०७६/०७७ मा विद्यार्थी भर्ना नभए पनि सबै रकम निकासा भएको नगरपालिकाको शिक्षा शाखाले जनाएको छ । नगरपालिकाले आर्थिक वर्ष २०७७ मा शिक्षकको तलब भत्ताबाहेक छात्रा छात्रवृत्तिबापत १८ हजार ४००, दलित छात्रवृत्ति ४ हजार ४००, पाठ्यपुस्तकबापत १२ हजार ९८४ रुपैयाँ पठाएको छ । २०७५/०७६ मा छात्रा

(बाँकी तेश्रो पेजमा)

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
DAILY दैनिक



## विद्यार्थी शून्य.............

छात्रवृत्तिबापत १३ हजार २००, दलित छात्रवृत्ति १२ हजार र पाठ्यपुस्तकबापत १२ हजार हजार ८४१ रुपैयाँ पठाएको छ । पाँच जना शिक्षक रहेको यस विद्यालयमा विद्यार्थी भर्ना हुन छाडेपछि तीन जनाको अन्यत्र सरुवा गरिएको नगर शिक्षा शाखा प्रमुख काशिन्द्र यादवले जनाए । अहिले पनि प्रध्यानाध्यकप श्याम कुमार, भुवनेश्वर यादव र सावित्री शर्माको सरुवा भए पनि उनीलगायत ३ जना शिक्षक बसेर तलव खाइरहेका प्रमुख यादवले बताए । उनका अनुसार लामो समयदेखि रहेको विद्यालयको समस्या समाधान गर्ने प्रयास गर्दा पनि सुधार्न सकिएन । अघिल्लो शिक्षा समितिले विद्यालय मर्जगर्ने योजना बनाए पनि स्थानीयले नमानेपछि रोकिएको बताउँदै उनले भने, 'हामीले मर्ज गर्ने योजना बनाएका थियौं, स्थानीयले विद्यालय बन्द भएपछि नयाँ खोल्न समस्या हुने भन्दै रोके ।' अहिले सबै शिक्षकहरूलाई अन्यत्र पठाएर नयाँ शिक्षकको टिम ल्याएर विद्यालय सञ्चालन गर्ने योजना बनाएको यादव बताए। उनले शिक्षा समिति गठन नभइसकेकाले केही कामहरू गर्न समय लागेको शाखा प्रमुख यादवले बताए ।

शिक्षकहरूले पढाउनेभन्दा पनि राजनीति गरेर विद्यालयलाई लथालिङ्ग बनाएको स्थानीयको आरोप छ । स्थानीय अभिभावक ब्रहमदेव यादवले विद्यालयमा नियमित शिक्षक नआउने र आए पनि गफ गरेर बस्ने गरेकाले आफ्ना विद्यार्थी निजी विद्यालयमा पठाएको बताए। 'मास्टरहरू पढाउनु हुन्न, एक त विद्यालय नै आउनुहुन्न, आए पनि कक्षामा नगई कार्यालयमै बसेर गफ हाँकिरहेका हुन्छन्,' उनले भने, 'विद्यार्थीले पढाइदिन आग्रह गर्दा पनि शिक्षकहरूले आज पढाइ हुँदैन भनेर विद्यार्थीलाई घर पठाईदिनु हुन्थ्यो ।' सिरहामा शिक्षा क्षेत्रमा पछिल्लो समय सम्बन्धित् निकायको उदासिन्ताका कारण व्यापक वेथिति मौलाएको पाइन्छ । सरकारले शिक्षा क्षेत्रमा गरेको लगानी वालुवामा पानि जस्तै भएको स्थानीयको गुनासो छ ।

(साभार–रातोपाटी)

## पत्रकारलाई १० .........

माध्यमबाट समेत दिन सकिनेछ। प्राप्त उजुरी उपर जाँचबुझ गरी निर्णय लिन सक्नेछ। प्राप्त आचारसंहिता उल्लंघनको सूचना वा जानकारी काल्पनिक, आधारहीन वा झुट्टा देखिएमा काउन्सिलले आधार र कारण खुलाई उजुरी, सूचना वा जानकारीलाई खारेज गर्नुपर्ने हुन्छ ।

सुरुमा आएको विधेयकमा प्राप्त आचारसंहिता उल्लंघनको सूचना वा जानकारी काल्पनिक, आधारहीन वा झुट्टा देखिएमा तामेलीमा राख्ने निर्णय गर्न सक्ने उल्लेख थियो। यसलाई बदलेर राष्ट्रिय सभाले 'तामेली' भन्ने शब्दको सट्टा 'खारेज गर्ने' राखेको छ। जाँचबुझ गर्दा आचार संहिता उल्लंघन गरेको देखिने आधार भए आमसञ्चार माध्यम, प्रकाशक, सम्पादक, पत्रकार वा सम्वाददातालाई काउन्सिलले कारबाही गर्न सक्नेछ । कारबाही अन्तर्गत उजुरी गर्ने पक्षसँग मेलमिलाप गराउने, उजुरीकर्ताको भनाइ सञ्चार माध्यममा प्रकाशन वा प्रसारण गर्न लगाउन सक्छ ।

कारबाही अन्तर्गत नै नेपाल सरकारबाट पाउने सहुलियत, लोक कल्याणकारी विज्ञापन वा सुविधा तोकिएको अवधिभरको लागि आंशिक वा पूरै रोक लगाउन सम्बन्धित मन्त्रालय समक्ष सिफारिस गर्ने, काउन्सिलको निर्णय वा निर्देशन पालन नगर्ने आमसञ्चार माध्यम र त्यसमा संलग्न प्रकाशक, सम्पादक, पत्रकार सम्वाददाताको नाम सहितको सूची तयार गरी सार्वजनिक गर्न सक्ने लगायतका उल्लेख छ । साथसाथै आचारसंहिता उलंघन गर्ने पत्रकारको दर्ता निलम्बन हुनेसम्मको प्रावधान राखिएको छ । आचारसंहिता उलंघन गर्ने आम सञ्चारमाध्यम, प्रकाशक, सम्पादक पत्रकार वा संवाददातालाई काउनिसलले सोझै सचेत गराउन सक्नेछ । 'आचारसंहिता उलंघन गर्ने सम्पादक, पत्रकार वा सम्वाददाताको पत्रकारको दर्ता प्रमाणपत्र निलम्बन' काउन्सिलले जाँच बुझ गरी निर्णय गर्ने खण्डमा राष्ट्रिय सभाले थप गरेको छ, 'दर्ता प्रमाणापत्र खारेज गर्ने ।' हाल पत्रकारहरुले प्रेस पास प्रतिनिधि लिँदा सूचना विभागमा दर्ता हुन्छ र दर्ता नम्बर प्राप्त गर्दछन् । प्रस्तावित विधेयकले मिडिया काउन्सिलमा पनि पत्रकारको दर्ता हुने कल्पना गरेको छ । प्रेस काउन्सिलका प्रवक्ता दिपक खनाल 'विधेयक पारित भएर ऐन बनेपछि तयार हुने विनियमावलीमा काउन्सिलमा पनि पत्रकारको दर्ता गर्ने परिकल्पना सरकारले गरेको हुन सक्ने र सोही निलम्बन वा खारेज गर्न सक्ने अधिकार काउन्सिललाई दिन खोजिएको हुन सक्ने' बताउँछन् ।

### जरिबाना हटाएर मेलमिलाप

सुरुमा आएको विधेयकमा संप्रेषित सामग्रीले कसैको मर्यादा वा प्रतिष्ठामा आँच पुऱ्याएको देखिए काउन्सिलले सम्बन्धित आमसञ्चार माध्यम, प्रकाशक, सम्पादक, पत्रकार वा सम्वाददातालाई २५ हजार रुपैयाँदेखि १० लाख रुपैयाँसम्म जरिवाना गर्न सक्ने उल्लेख थियो । कुनै सामग्री प्रकाशन वा प्रसारण गरेको कारणबाट कुनै व्यक्ति वा संस्थालाई क्षति पुगेको भएमा काउन्सिलले त्यस्तो क्षति पुगेको व्यक्ति वा संस्थालाई मनासीव क्षतिपूर्ति भराइदिन सक्ने भनिएको थियो ।

समाचार लेखेकै आधारमा पत्रकारलाई १० लाखसम्म जरिवाना हुन सक्ने व्यवस्थाले प्रेस स्वतन्त्रतालाई संकुचनमा पार्ने भन्दै विरोध भएपछि राष्ट्रिय सभाले बदलेको छ। 'जरिबाना गरी क्षतिपूर्ति भराइ दिन सक्ने' भन्ने शीर्षक नै हटाएर 'मेलमिलाप गराउने' भन्ने राखिएको छ। संशोधित व्यवस्था अनुसार प्राप्त उजुरी जाँचबुझ गर्दा 'काउन्सिलबाट जारी भएको आचार संहिता विपरीत रहेको र त्यसले कसैको 'मर्यादा वा प्रतिष्ठामा आँच पुयाएको देखिए काउन्सिलले सम्बन्धित आमसञ्चार संस्था र उजुरीकर्ताको बीचमा मेलमिलाप गराउन सक्नेछ ।' मेलमिलाप गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने भनिएको छ ।

काउन्सिलबाट जारी भएको आचार संहिता विपरीत कुनै सञ्चार माध्यमबाट प्रकाशित वा प्रसारण भएको कुनै समाचार वा सूचनाबाट कुनै व्यक्तिको मर्यादा वा प्रतिष्ठामा गम्भीर असर पुऱ्याएको वा सम्पत्ति वा व्यवसायमा हानि नोक्सानी भएको ठहर भएको खण्डमा अदालत जान सक्ने बाटो खुला गरिएको छ । 'कुनै व्यक्तिको मर्यादामा गम्भीर असर पुऱ्याएको वा सम्पत्ति वा व्यवसायमा हानी नोक्सानी पुऱ्याएको देखिएमा सम्बन्धित अदालतले मनासिब क्षतिपूर्ति उपलब्ध गराउन त्यस्तो आमसञ्चार संस्थालाई आदेश दिन सक्नेछ' राष्ट्रिय सभाबाट पारित भएर प्रतिनिधिसभामा आएको विधेयकमा उल्लेख गरिएको छ । (साभार–अनलाइनखबर)

## बाराको पथलैयामा........

सरकारले ट्रमा सेन्टर सञ्चालन गर्नु त परै जाओस बजेट समेत नराखेपछि स्थानीय चिन्तित बनेका छन । मध्याञ्चल क्षेत्रीय स्वास्थ तालिम केन्द्रको रुपमा रहेको सो भवन देशमा संघीयता लागू भएपछि मधेस स्वास्थ्य केन्द्रको रुपमा राखिएको छ । कर्मचारी र अन्य सेवाको अभावमा उक्त तालिम केन्द्र हाल प्रयोगविहिन अवस्थामा रहेको छ ।

# साफ च्याम्पियनसिप : नेपालले भारतलाई हराउनै नसक्ने हो त ?

काठमाण्डौ, १७ भदौ ।

साफ च्याम्पियनसिप फुटबल प्रतियोगिताको समय आउनुपूर्व नै नेपाली टोलीका लागि मुख्य टाउको दुखाइको विषय हुन्छ भारतलाई कसरी हराउने ? नेपालको पुरुष या महिला दुबै टोलीको लागि भारत बलियो प्रतिद्वन्द्वी हो । छिमेकी मुलुक भएका कारण राजनीतिक रुपमा पनि नेपाल र भारतको कुरा बेला–बेलामा जोडिन्छ। त्यसैले, नेपाली टोलीका लागि अन्य टिमसँगको खेलभन्दा भारतसँगको खेललाई विशेष महत्वका रुपमा लिइन्छ । नेपाली महिला टोलीको साफ सपनाको बाधक अहिलेसम्म भारत बनेको छ । नेपाल साफका चार फाइनल खेलमा भारतसँग पराजित भएको छ । समूह चरणका खेलहरुमा उत्कृष्ट प्रदर्शन गर्ने नेपाललाई फाइनलमा पुग्दा भारतलाई हराउन मुस्किल हुन्छ। घरेलु मैदानमा नै हुन लागेको पछिल्लो साफ चयाम्पिनयसिपमा भने नेपालले भारतलाई हराएर उपाधि जित्ने योजना बनाएको छ। यो पटकको प्रतियोगितामा भारतलाई हराउँदै उपाधि जित्ने नेपाली टोलीका मुख्य प्रशिक्षक कुमार थापाले बताए । आफूले नेपाललाई उपाधि दिलाएर नेपाली समर्थकलाई खुशी दिलाउने उनको भनाइ छ । 'छैटौं संस्करणमा पुग्दा हामी उपाधिका लागि कुरिरहेका छौं । सन् २०१० देखि नै हामी उपाधिका लागि पर्खेका छौं। यो पटक हामी चुक्ने छैनौं। सबै टिम बलियो छन्। तर, हामी विशष रुपमा लाग्नेछौं,' उनले रातोपाटीसँगको कुराकानीमा भने।

थापाले पहिलो संस्करणदेखि नै भारत चुनौती बनेकाले अहिले त्यसलाई दोहोरिन नदिने बताए। भारतसँग खेल भन्ने बित्तिकै खेलाडीको आत्मबलमा कमजोरी आएजस्तो आफूलाई अनुभव हुने बताउँदै उनले अहिलेको अवस्था त्यो नभएको विश्वास व्यक्त गरे। 'हाम्रो लागि भारत मुख्य चुनौतीका रुपमा रहेको छ। भारतलाई हराउन नसक्ने भन्ने होइन। नेपालले भारतलाई सेमी फाइनलमा हराएको पनि छ। भारतसँग खेल भन्दा नेपाली खेलाडीको मनोबल पनि कमजोर भएजस्तो मान्थे मैले, अब त्यस्तो छैन। यो पटक भारतलाई हारउँदै उपाधि जित्छौं,' थापाले भने। पहिलो साफदेखि अन्तिम पटक नेपालमा भएको सन् २०१९ को साफसम्म नेपाल भारतसँग नै पराजित भएको थियो। प्रशिक्षक बालगोपाल महर्जन पनि नेपाली टोलीले भारतलाई हराउन सक्ने तर, त्यसका लागि नेपालले पहिले भारतको खेल राम्रोसँग बुझ्नुपर्ने बताउँछन्।




साफ महिला च्याम्पियनसिप : 'दोस्रो हाफमा सम्हालिन नसक्दा उपाधि नै गुम्यो'

महिला साफ : पहिलो संस्करणबाट नै भारत नेपालको सदावहार प्रतिद्वन्द्वी

रुमहर्जनले नेपाली टोलीले भारतजस्तै म्याच एक्सपोजर पाएमा रसोही अनुसारको तयारी भएमा भारतलाई हराउन त्यति असहज नभएको बताए। प्रतियोगिता अघि मात्र गरेको तयारीले ठूलो नतिजाको अपेक्षा गर्न नसकिने महर्जनको भनाइ छ। 'नेपाली टोलीले लामो समय तयारी गर्दैन। अन्तर्राष्ट्रिय म्याच एक्स्पोजर पनि राम्रो छैन। जति बंगालादेश, भारतले महिला फुटबलमा लगानी गरेका छन्। त्यति हामीले गर्न सकेका छैनौं,' महर्जनले भने, 'तर, आत्मबलका साथ मैदान छिर्दा हामी अवश्य सफल हुनेछौं।' सन् २०१० मा बंगलादेशमा भएको पहिलो साफकी सर्वाधिक गोलकर्ता अनु लामाले भारतसँग खेल्दा मनोबल नै कमजोर पार्ने परिपाटी त्यागेमा नेपाललाई सफलता मिल्ने बताउँछिन्। अनुले पहिलो साफमा ११ गोल गरेकी थिइन्। 'हामी भारतसँग खेल्दा सधैं हारको डर नै मान्छौं। मनोबल नै हाम्रो कमजोर हुन्छ। त्यो परिपाटीलाई त्यागने हो भने हामी अवश्य पनि बलियो सावित हुनेछौं,' लामाले रातोपाटीसँगको कुराकानीमा भनिन्।

यता प्रशिक्षक हरि खड्का पनि नेपाली टोलीले यो पटक घरेलु मैदानको फाइदा उठाउँदै भारतलाई हराउनु पर्ने बताए। प्रशिक्षकले पनि प्रतियोगिता अघि भारतको खेल अध्ययन गरेको हुँदा त्यहीअनुसार प्रस्तुत हुँदा सहज हुने उनको भनाइ छ।

साफ महिला फुटबल च्याम्पियनसिपको सबै तयारी पुरा, साढे ३ करोड बजेट

सन् २०१९ मा नेपाली टोलीको प्रशिक्षक रहेका हरि खड्काले नेपाली टोलीले भारतको खेल बुझेर मैदान छिर्दा नतिजा उल्टाउन सकिने विश्वास व्यक्त गर्छन्। उनले अबको साफमा प्रशिक्षक कुमार थापाले भारत लगायतको टिमको खेल अध्ययन गरेर मैदान छिर्ने भएकाले केही सहज हुने बताए। खड्काले यो उपाधि रक्षा गर्ने सुनौलो मौका गुमाउन नहुने धारणा राख्छन्। नेपालले महिला साफ च्याम्पियनसिपको पहिलो खेल भदौ २१ गते भुटानविरुद्ध खेल्दैछ।

(साभार–रातोपाटी)

## श्रीमतीको...............

बिहीबार बेलुका ५ बजे सहानाज घरमै मृत अवस्थामा फेला परेको र प्रहरीले जाँच गर्दा शरिरका विभिन्न भागमा कुटपिट गरिएको चोट देखिएकाले घरका परिवारसँग सोधपुछ गर्ने क्रममा श्रीमान र भाउजुको संलग्नता पाइएपछि दुबैलाई पक्राउ गरिएको उनले बताए । मृतको शव पोष्टमार्टमका लागि त्रि.वि शिक्षण अस्पताल काठमाण्डौ पठाइएको र पक्राउ परेका दुबैलाई हिरासतमा राखेर जिल्ला अदालतबाट ७ दिनको म्याद लिएर थप अनुसन्धान अघि बढाइएको पनि बारा प्रहरीले जनाएको छ ।

## उदयपुरमा ...............

कार्कीका अनुसार घटनास्थल नगरपालिकाको विकट क्षेत्रमा पर्छ । 'बिहान ११ बजेको घटना रहेछ, टुक्राटुक्रा पारेको अवस्थामा शव भेटिएको छ' उनले भने, 'प्रहरीले संकलन गरेर एकठाउँमा राखेको छ ।' प्रारम्भिक अनुसन्धानका क्रममा सबैलाई खुकुरी हानिएको हुनसक्ने देखिएको प्रहरीको भनाइ छ । घटनाको कारणबारे अनुसन्धान भइरहेको छ ।

(साभार–अनलाइनखबर)

## कक्षा १२ को...........

३० र ३१ गते सञ्चालन हुनेछ । परीक्षामा नियमिततर्फ ३ लाख ६३ हजार १ जना, ग्रेडवृद्धितर्फ ३० हजार ४५ जना र आंशिकतर्फ ३ हजार १३२ जना गरी ३ लाख ९६ हजार १८५ जना सहभागी भएका थिए ।

(साभार–अनलाइनखबर)

# केन्यामाथि नेपालको सानदार जित

काठमाण्डौ, १७ भदौ ।

ओपनर आशिफ शेखको शतक र अर्जुन साउद बलियो साझेदारीको बलमा नेपालले पहिलो एकदिवसीयमा केन्यामाथि ७ विकेटको सानदार जित पारेको छ। २१९ रनको लक्ष्य नेपालले ३ विकेट क्षतिमा ४७.३ ओभरमा भेट्टायो । ओपनरद्व आशिफ र अर्जुनले पहिलो विकेटका लागि १४१ रनको साझेदारी गरी नेपालको जित आधार तय गरेका थिए। एकदिवसीय क्रिकेटमा नेपालको यो अहिलेसम्मकै उच्च साझेदारी हो। यसअघि गत चैतमा पपुवा न्युगिनीविरुद्ध देव खनाल र दीपेन्द्रसिंह ऐरीले तेस्रो विकेटका लागि १२९ रनको साझेदारी गरेका थिए ।

यद्यपि केन्याको एकदिवसीय मान्यता नभएका कारण यो खेलको एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता हुँदैन । नेपालका लागि सिनियर टिमबाट पहिलो एकदिवसीय खेल खेलेका अर्जुनले ९७ बलमा ५ चौका र १ छक्कासहित ६१ रनको अर्धशतकीय पारी खेले । आशिफले दोस्रो विकेटका लागि ज्ञानेन्द्र मल्लसँग मिलेर थप ५७ रनको साझेदारी गरे । ४३.५ ओभरमा




केन्याका डेब्युटेन्ट विशाल पटेलको बलमा बोल्ड हुनुअघि आशिफले १२० बलमा १२ चौका र २ छक्कासहित ११० रनको लामो पारी खेले ।

लगत्तै अर्को ओभरमा ज्ञानेन्द्र पनि २४ रनको व्यक्तिगत स्कोरमा आउट भए । उनले ५० बलमा १ चौका प्रहार गरे । त्यसपछि आएका दीपेन्द्र सिंह ऐरीले अविजित १९ र कप्तान रोहितकुमार पौडेलले अविजित ३ रन बनाए। यसअघि नैरोवीस्थित जिमखाना मैदानमा टस जितेर पहिले ब्याटिङ गरेको घरेलु टोलीले ४८.१ ओभरमा अलआउट हुँदै २१८ रनको योगफल खडा गरेको थियो। सुरुवाती ४ विकेट सस्तैमा गुमाए पनि मध्यक्रमका राकेप पटेल र कोलिन्स यबुयाले अर्धशतक बनाएपछि केन्या सम्मानजनक अवस्थामा पुगेको थियो ।

पाँचौं विकेटका लागि राकेप र कोलिन्सले १३० रनको शतकीय साझेदारी गरी पारी उकासेका थिए । राकेपले ७५ बलमा ७ चौका र २ छक्कासहित ६७ रन बनाए । कप्तान रोहितले रनआउट गर्नुअघि कोलिन्सले ११६ बलमा ४ चौका र २ छक्कासहित ६२ रनको संयमित पारी खेले। इरफान करिमले ३१ र सचिव बोधियाले २७ रन थपे। बलिङतर्फ सोमपाल कामी र करण केसीले ३–३ विकेट लिए। आदिल आलम र पवन सर्राफले १–१ विकेट लिए । (साभार–अनलाइनखबर)

# दाँत कोट्याउने सिन्का उत्पादन गर्ने मेसिन बनाउन सरकारले गऱ्यो सम्झौता

काठमाण्डौ, १७ भदौ । सरकारले सिन्केधुप र दाँत कोट्याउने सिन्का उत्पादन गर्ने मेसिन बनाउन राष्ट्रिय आविष्कार केन्द्रसँग सम्झौता गरेको छ। शुक्रवार उद्योग मन्त्रालयमा मेसिन बनाउन आवश्यक पर्ने प्रविधिको अध्ययन,अनुसन्धान र विकासको लागि काम गर्न लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र र आविष्कार केन्द्र बीच समझदारी पत्रमा हस्ताक्षर भएको हो। समझदारीमा प्रवर्द्धन केन्द्रका निमित्त प्रमुख विष्णुप्रसाद भुसाल र आविष्कार केन्द्रको तर्फबाट अध्यक्ष महावीर पुनले हस्ताक्षर गरे । आविष्कार केन्द्रले आगामी वैशाखसम्म सिन्केधुप र दाँत कोट्याउने सिन्का उत्पादन गर्ने मेसिन निर्माण सक्नेगरी सरकारले सघाउने सम्झौता भएको छ। सम्झौता हस्तारक्षर कार्यक्रमा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूसमेत उपस्थित थिए । हस्ताक्षर कार्यक्रममा बोल्दै मन्त्री बडूले आविष्कार केन्द्रसँगको सम्झौताले सरकारको राष्ट्रिय नीतिलाई सहयोग पुग्ने बबताए । राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष महावीर पुनले उद्योग र उद्यमी नबढाएसम्म देशको अर्थतन्त्र नबढ्ने बताए । उनल देशको अर्थतन्त्र बढ्न उद्यमीहरुले बढाएर उद्योगहरु सञ्चालन गर्न आवश्यक रहेको बताए । उनले लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रसँग भएको सम्झौताले अनुसार ४० लाख रुपैयाँको सिन्के धुप र दाँत कोट्याउने सिन्का बनाउने मेसिन बनाउने योजना रहेको बताए ।

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
शुभम सन्देश
National DAILY दैनिक



# वीरगञ्ज महानगरले 'वीरगञ्ज विकास प्राधिकरण' गठन गर्ने



बीरगंज, १७ भदौ ।

वीरगञ्ज महानगरपालिकाले 'वीरगञ्ज विकास प्राधिकरण' गर्ने भएको छ। महानगरपालिकाको बिहीबार बसेको कार्यपालिका (बोर्ड) बैठकले वीरगञ्ज विकास प्राधिकरण गठन गर्ने निर्णय गरेको हो । बैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचन पछि गठन भएको कार्यपालिकाको ७ औं बैठक बिहीबार बसेको थियो। मेयर राजेशमान सिंहको अध्यक्षतामा बसेको बैठकले भौतिक पूर्वाधार विकास, योजनावद्ध सहरीकरण र ल्याण्ड पुलिङ गरेर विकासका आयोजना सञ्चालन गर्न 'वीरगञ्ज विकास प्राधिकरण' गठन गर्ने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेलले जानकारी दिए। 'काठमाडौंमा काठमाडौं उपत्यका विकास प्राधिकरण गठन भएको छ । त्यसले काठमाडौं उपत्यकाको विकासका लागि विभिन्न काम गर्दै आएको छ,' उनले भने, 'वीरगञ्जमा पनि अध्ययन अनुसन्धान गरेर योजनाबद्ध भौतिक पूर्वाधार विकासका काम सञ्चालन गर्न वीरगञ्ज विकास प्राधिकरण गठन गर्न लागिएको हो ।'

मधेस प्रदेश सरकारले आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा 'वीरगञ्ज विकास प्राधिकरण गठन' गर्नका लागि ३० करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो ।

करार कर्मचारीको म्याद ३ महिना थप
बैठकले वीरगञ्ज महानगरपालिकाको खरिद नियमावली २०७७ संशोधन गर्ने, करारका कर्मचारीहरुको म्याद ३ महिना थप्ने, बीपी उद्यानको मुद्दामा महानगरपालिकाले बहस पैरवी गर्ने, दलित सूचीकरणमा छुट भएकाहरुको नाम सूचीकरणका लागि पठाउने लगायतका निर्णय गर्नुको साथै नगर दररेट समेत पास गरेको छ। वीरगञ्ज महानगरपालिका लेखा समिति कार्य सञ्चालन कार्यविधि २०७९, सुशासन समिति कार्य सञ्चालन कार्यविधि २०७९ पनि कार्यपालिकाको बैठकले पास गरेको आन्तरिक लेखा प्रमुख अधिकृत हरिशंकर कुर्मीले जानकारी दिए। (अनलाइनखबर)

# दुई लाख बढीले दिए एसईईको ग्रेडबृद्धि परीक्षा, दशैंअघि नै आउने नतिजा




१७ भदौ, काठमाडौं ।

राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) ले एसईई ग्रेडबृद्धि (पूरक) परीक्षामा दुई लाख बढी विद्यार्थी सहभागी भएका छन्। परीक्षा नियन्त्रण कार्यालयले भदौ ११ गते र १२ गते परीक्षा सञ्चालन गरेको परीक्षामा पहिलो दिन एक लाख ३९ हजार ३६२ र दोस्रो दिन ७४ हजार २८३ जना गरी २ लाख १३ हजार ६४५ जनाले परीक्षा दिएका छन् । ग्रेडबृद्धि (पूरक) परीक्षाका लागि नेपालभर ३७२ परीक्षा केन्द्रमा तोकिएको थियो ।

दशैंभन्दा अगाडि नै नतिजा
राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालयले (कक्षा १०) ले एसईई ग्रेडबृद्धि -पूरक) परीक्षाको नतिजा दशैंअघि नै सार्वजनिक हुने जनाएको छ । परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण सुरु भइरहेको परीक्षा नियन्त्रक अर्जुन रायमाझीले जानकारी दिए । उनले भने, 'अहिले उत्तरपुस्तिका परीक्षण सुरु भएको छ । दशैंअघि नै नतिजा सार्वजनिक गर्छौं ।' पनिकाको अनुसार अहिले विभिन्न १६ परीक्षण केन्द्रमा परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण भइरहेको छ। अन्तिम ग्रेड सी वा सी भन्दा कम प्राप्त गरेका विषयहरु मध्ये परीक्षार्थीहरुले आफूले चाहेको बढीमा दुई विषयसम्म वा बढीमा दुई विषयसम्म अनुपस्थित रहेका परीक्षार्थीहरुले ग्रेडबृद्धि (पूरक) परीक्षामा सहभागी हुन पाउने व्यवस्था छ। (साभार-अनलाइनखबर)

# धमाधम मल ल्याउँदै कृषि सामाग्री कम्पनी, आयात सहज बनाउन कानुन संशोधनको तयारी

काठमाण्डौ, १७ भदौ ।

समयमा रासायनिक मल ल्याउन नसकेर आलोचित हुने गरेको कृषि सामाग्री कम्पनी पछिल्लो समय भने काममा तीव्रता दिएको छ। सामाग्री कम्पनीले साउन पहिलो सातादेखि असोज मध्य सातासम्मको अवधिमा करिब १ लाख मेट्रिक टन मल ल्याउने लक्ष्य राखेको छ । कम्पनीका महानिर्देशक राजेन्द्र कार्कीका अनुसार ३० हजार मेट्रिक टन मल साउन १० गतेदेखि आउन थालेको थियो । जुन, अहिले देशभर वितरण भइरहेको छ। यस्तै, थप ३० हजार मेट्रिक टन मल भारतको विशाखपटनममा आएर बसेको छ । उक्त मल नेपाल ल्याउनका लागि रेलको र्‍याकको पखाईमा छ। र्‍याक पाउनासाथ उक्त परिमाणको मल नेपाल आउने कम्पनीका महानिर्देश कार्कीले रातोपाटीलाई बताए । कम्पनीले ६० हजार मेट्रिक टन युरिया र ४० हजार मेट्रिक टन डीएपी गरेर १ लाख मेट्रिक टन मल असोज मध्य सातासम्ममा ल्याउने लक्ष्य लिएको छ। कृषि सामाग्री कम्पनीले आह्वान गरेको ग्लोबल टेन्डरबाट स्विस सिंगापुर कम्पनीले मल ल्याउने ठेक्का हात पारेको थियो। सोही ठेक्का अनुसार कम्पनीले सिपिङ गरेको २८ दिनको अवधिमै विशाखपटनम बन्दरगाहमा मल ल्याइपुर्‍याएको हो । 'यसअघि आएको ३० हजार मेट्रिक टन युरिया मल ८०३ डलर प्रतिमेट्रिकटनमा किनिएको हो,' महानिर्देशक कार्कीले भने, 'हाल विशाखपटनममा आइपुगेको ३० हजार मेट्रिक टन मल ६९३ डलर प्रतिमेट्रिकटनमा किनिएको हो ।'

अन्तर्राष्ट्रिय बजारमा हुने मूल्य घटबढका कारणले दुई वटा ठेक्काको मूल्य फरक-फरक भएको कार्कीले बताए । 'अघिल्लो लटको मल ल्याउनेक्रममा ठेक्का आह्वान गर्दा युरियाको मूल्य बढी थियो,' कार्कीले भने, 'दोस्रो लट ल्याउँदा घटेर ६९३ डलर प्रतिमेट्रिक टनमा आइपुग्यो ।' यस्तै, नेपाली सप्लाएरको सट्टा विदेशी सप्लायरले ठेक्का पाउँदा समेत सहजै नेपालमा मल भित्रिएको कम्पनीको भनाइ छ।

**४० हजार मेट्रिक टन डीएपी आउँदै**

छोटो समयमै दुई लट गरेर ६० हजार मेट्रिक टन युरिया मल ल्याएको कम्पनीले यहीबीचमा ४० हजार मेट्रिक टन मल ल्याइरहेको छ । जोर्डनबाट दुई लट गरेर २०-२० हजार मेट्रिक टन डीएपी मल ल्याइरहेको हो । कम्पनीका अनुसार पहिलो लटको २० हजार मेट्रिक टनमध्येबाट वीरगन्ज र विराटनगरामा ५-५ हजार मेट्रिक टन मल नेपाल भित्रिसकेको छ। बाँकी १० हजार मेट्रिक टन भारतबाट नेपालतर्फ हिँडिसकेको कम्पनीले बताएको छ। यसै गरी, थप २० हजार मेट्रिक टन मल जोर्डनबाट सिपिङको तयारीमा रहेका कार्कीले बताए। उक्त मल यही महिनाको ५ तारिखमा कलकत्ता बन्दरगाहमा आइपुग्ने उनले बताए । यसरी, करिब १ महिनाको अवधिमा २ पटक गरेर कूल ४० हजार मेट्रिक टन डीएपी मल नेपाल भित्रन लागेको इतिहासकै पहिलोपटक भएको कम्पनीको दाबी छ ।

**झन्झटिलो कानुनी प्रक्रिया सच्याउने तयारी**

अहिले मल ल्याउनका लागि सरकारी नीति नियम नै बाधक देखिएको निष्कर्ष निकाल्दै कम्पनीले यो नीति सच्याउने तयारी गरिरहेको छ । कृषि सामाग्री कम्पनीले अहिले मल आयातका लागि टेन्डर खुलाउन ४५ दिनको सूचना निकाल्नुपर्छ । तर, भारत लगायत अन्य मुलुकमा जम्मा ८ दिनको सूचना निकालेको भरमा टेन्डर खुल्ने गरेको छ । सोही कारण, कम्पनीले लिखित रूपमै मन्त्रालयमा ४५ दिनको सूचना अवधि घटाएर ८ दिनसम्म झार्न अनुरोध गरेको छ। यसले मल आयातको प्रक्रिया छोटिएर ६ महिनाबाट २ महिनामा झर्ने कार्कीको दाबी छ । यस्तै, अहिले सिपिङदेखि डेलिभरी दिने समयावधि १२० दिन छ। यसको अर्थ टेन्डर हात पारेको १२० दिन भित्र सिपिङ सुरु गर्नुपर्छ। यो लामो अवधि भएको भन्दै कम्पनीले यसलाई समेत संशोधनको तयारी थालेको छ। कानुन संशोधन गरेर सिपमेन्टदेखि डेलिभरीको अवधि ३० दिनदेखि ३५ दिन राख्ने कार्कीले बताए। 'डेलिभरीको म्याद लामो दिएर विभिन्न सप्लायरलाई खेल्ने मौका दिनु हुँदैन,' उनले भने, 'त्यो मौका दिने पक्षमा छैन। ३० दिनको समयावधिमा नआएमा थप ५ दिनको समय दिइन्छ ।' यस अवधिमा पनि मल नआएमा पीजी जफत गर्ने गरी व्यवस्था गर्ने कार्कीले बताए । '३० दिनमा सिपमेन्ट नभएको अवस्थामा कानुनी बाटोमा जाने प्रक्रिया नै रोक्नुपर्छ,' उनले भने, 'मल ल्याउँछु भनेर ल्याउन नसक्ने सप्लायरले बिड गर्ने र झुलाउने अवस्था हटाउनका लागि यस्तो गर्नुपर्छ।' यो व्यवस्था गरेमा टेन्डर आह्वान गरेको २ महिना भित्र मल आइपुग्ने र नेपालको हाहाकार हट्ने कम्पनीको विश्वास छ।

**थप कति आउँदै छ मल ?**

सरकारले चालू आर्थिक वर्षमा रासायनिक मल आयातका लागि १६ अर्ब रुपैयाँ बजेट विनियोजन गरेको छ । जसमध्ये कृषि सामाग्री कम्पनीका लागि ११ अर्ब २० करोड र साल्ट ट्रेडिङ कर्पोरेसनका लागि ४ अर्ब ८० करोड रुपैयाँ विनियोजन गरेको छ । विनियोजित बजेटअनुसार कम्पनीले ६८ हजार मेट्रिक टन युरिया, ४२ हजार ५०० मेट्रिक टन डीएपी र ७ हजार ५०० मेट्रिक टन पोटास आयात गर्नुपर्ने छ। यस्तै, मल आयातका लागि ४ अर्ब ८० करोड रुपैयाँ बजेट पाएको साल्ट ट्रेडिङ कर्पोरेसनले २६ हजार ५०० मेट्रिक टन युरिया, २० हजार मेट्रिक टन डीएपी र २ हजार ५०० मेट्रिक टन पोटास मल आयात गर्ने कोटा पाएको छ। (साभार-रातोपाटी)





## प्रसौनी गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

- ☐ जथाभाबि फोहर नफालौ र आफना क्षेत्र सफा राख्नमा सहयोग गरौ ।
- ☐ लैगिंक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैगिक हिंसा मुक्त गरौं ।
- ☐ समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं ।
- ☐ जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई-सराई लगायतका घटना दर्ताहरु समयमै गरौं ।
- ☐ सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर-आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं । नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
- ☐ वातावरण हामी सबैका साझा सम्पत्ती हो ।

## पचरौता नगरपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

- ☐ जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई-सराई लगायतका घटना दर्ताहरु समयमै गरौं ।
- ☐ सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर-आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं । नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
- ☐ वातावरण हामी सबैका साझा सम्पत्ती हो ।
- ☐ जथाभाबि फोहर नफालौ र आफना क्षेत्र सफा राख्नमा सहयोग गरौ ।
- ☐ लैगिंक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैगिक हिंसा मुक्त गरौं ।
- ☐ समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं ।

## व्यक्तिगत घटना दर्ता समय मै गर

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

आदर्शकोतवाल गाउँपालिका
महेन्द्र आदर्श जयनगर चिउटाहा, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

कोल्हबी नगरपालिकाको कार्यालय
कोल्हबी, बारा